# कृषि बिकास रणनिती कार्यान्वयनका लागि स्थानिय सरकार सँग अभिमुखीकरण कार्यशाला गोष्ठी, प्रदेश नं. १

**गोष्ठी सहजकर्ता:**

**दशरथ मोक्तान - कृषि बिकास रणनिती बिज्ञ,**

**कुमार सिंह खत्री (भेटनरी अफिसर), डम्बर बहादुर भण्डारी (भेटनरी अफिसर) -** भुमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालय

**सारांश:**

भुमि ब्यबस्था, कृषि तथा सहकारी मन्त्रालयको आयोजनामा कृषि रणनिती प्राविधिक सहयोग सुबिधा ( TCF to ADS ) को प्राविधिक तथा आर्थिक सहयोगमा " कृषि बिकास रणनिती कार्यान्वयनका लागि स्थानिय सरकारहरुसंग अभिमुखीकरण कार्यशाला गोष्ठी " उदयपुरबाट पौष ५, २०७६ मा शुरु भई माघ १०, २०७६ ताप्लेजुङ्गमा सम्पन्न भएको थियो। झापा जिल्लामा माघ १०, २०७६ मा हुने कार्यक्रम रहेकोमा बिशेष कारणले उक्त समयमा हुन नसकेकोले पछी सबै पालिकाहरुलाई उपयुक्त समयमा मिलाएर अभिमुखीकरण कार्यशाला गोष्ठी आयोजना गरीनेछ।

जम्मा १४ जिल्ला भित्रका १३७ स्थानिय सरकारहरुमा १३ जिल्लाबाट ८९ स्थानिय सरकारहरुको जनप्रतिनिधी र प्रमुख प्रशासकिय अधिकृतहरुको उपस्थिती रहेको थियो । उक्त कार्यशाला गोष्ठीमा मेयर/उप-मेयर, अध्यक्ष/उपाध्यक्ष, जिल्ला समन्वय समितीका प्रमुख, प्रमुख प्रशासकीय अधिकृत एवं सम्बन्धित सरोकारवालाहरु गरी जम्मा ३९३ जनाको उपस्थिती रहेको थियो ।

तालिका: कृषि बिकास रणनिती अभिमुखीकरण कार्यशाला गोष्ठी

| क्रम संख्या | कृषि बिकास रणनिती अभिमुखीकरण कार्यशाला गोष्ठी सम्पन्न जिल्लाको नाम | जम्मा पालिका | पालिकाको सहभागिता | प्रगती % | सहभागिहरुको संख्या |
|---|---|---|---|---|---|
| १ | उदयपुर | ८ | ७ | ८७.५ | ४५ |
| २ | खोटाङ | १० | ७ | ७० | २४ |
| ३ | ओखलढुङ्गा | ८ | ७ | ८७.५ | १९ |
| ४ | सोलुखुम्बु | ८ | ६ | ७५ | २९ |
| ५ | सुनसरी | १२ | ७ | ५८ | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मोरङ्ग | १७ | ९ | ५३ | ३५ |
| ७ | धनकुटा | ७ | ६ | ८६ | ३८ |
| ८ | तेह्रथुम | ६ | ६ | १०० | २२ |
| ८ | संखुवासभा | १० | ८ | ८० | ३९ |
| १० | भोजपुर | ९ | ६ | ६६.६६ | २८ |
| ११ | ईलाम | १० | ८ | ८० | २८ |
| १२ | पाँचथर | ८ | ७ | ८७.५ | २८ |
| १३ | ताप्लेजुङ्ग | ९ | ५ | ५५.५५ | २८ |
| १४ | झापा | १५ | | | |
| | जम्मा | १३७ | ८९ | | ३९३ |

**पृष्ठभुमिः**

कृषि बिकास रणनिती (२०१५-२०३५), नेपाल सरकारले बर्तमान राजनितीक संरचना हुनु अघि नै तयार गरी स्वीकृत गरिसकेको थियो । कृषि बिकास रणनितीले आगामी २० बर्षका लागि नेपालको समग्र कृषि क्षेत्रका कार्यक्रमलाई मार्ग निर्देश गर्नेछ ।

कृषि बिकास रणनितीको कार्यान्वयनबाट मुलतः परम्परागत निर्वाहमुखी कृषि प्रणालीलाई प्रतिस्थापित गर्दै कृषि क्षेत्रको व्यबसायीकरण, औद्योगिकरण तथा बिबिधिकरणबाट कृषिमा अधिक आधारीत परिवार/समुदायलाई सेवा र उद्योग क्षेत्र मार्फत बढी आय आर्जन गर्न सकिने गरी रुपान्तरण गर्ने अपेक्षा राखिएको छ ।

कृषि बिकास रणनितीको दुरदृष्टिले आर्थिक बृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र परिकल्पना गरेको छ । यसले नेपालको कृषि बिकासको लागि रणनितिक कार्य दिशा निर्दिष्ट गरेको छ । ग्रामिण क्षेत्रमा गरिबी निवारणका लागि कृषि क्षेत्रको बिकास महत्वपुर्ण हुने भएकोले निर्वाहमुखी परम्रागत कृषिलाई व्यवसायि, प्रतिस्पर्धी, समावेशी तथा दिगो प्रणालीमा रुपान्तरण गर्नु अहिलेको आवश्यक्ता हो ।

लागत सहितको १० बर्ष कार्ययोजनाका साथै रोडम्याप सहित कृषि बिकास रणनितीले नेपालको कृषि बिकासको लागि रणनितीक कार्य दिशा निर्दिष्ट गरेको छ। यस अवधिमा कृषि बिकास रणनितीको आवश्यक सुधार गर्न सक्ने प्रावधान छ ।

कृषि बिकास रणनिती नेपाल सरकारले बर्तमान राजनितीक संरचना हुनु अघि नै तयार गरी २०७२ मा स्वीकृत गरीसकेको थियो । नेपालको संबिधान २०७२ ले निर्दिष्ट गरे अनुसार नेपालमा संघीय सरकारको साथै ७ प्रदेश र ७५३ पालिकाहरु छन् । तर तीन तहका सरकारहरु आफ्नै परीपाटीले काम गर्ने गरेका साथै औपचारीक समन्वयको अभाव रहेको देखिन्छ। संघीय तहमा कृषि बिकास रणनिती स्पष्ट संगठनात्मक संरचनाहरुको साथै यसको कार्यान्वयनका लागि संयन्त्रहरुको पनि ब्यबस्था गरेको छ। तर संघीय संरचनामा प्रादेशिक र स्थानिय सरकारहरुलाई स्वायत्तता दिईए अनुसार कृषि बिकास रणनितीलाई अगाडी बढाउन उपयुक्त संयन्त्र र ढाँचाको आवश्यक्ता छ। यसका साथै प्रादेशिक र स्थानिय सरकाहरुले पनि कृषि बिकास रणनितीमा आफ्नो स्वामित्व बोध गर्नु जरुरी छ । स्थानीय तहमा धेरैजसो राजनितीक नेतृत्व, साझेदारी संस्थाहरु, सम्बन्धित सरोकारबालाहरु साथै प्रायः सबैजसो किसानहरु कृषि रणनितीको बारेमा अनभिज्ञ रहेको पाईन्छ ।

नेपालको संबिधानले निर्दिष्ट गरे अनुसार कृषि बिकासका सबैजसो गतिविधीहरु स्थानिय तथा प्रादेशिक सरकारको क्षेत्राधिकार भित्र पर्दछ, जस अनुसार कतिपय स्थानिय तथा प्रादेशिक सरकारले पनि आफ्नो बजेटको ठुलो हिस्सा कृषि क्षेत्रमा छुट्याएको पाईन्छ । कृषि बिकास रणनितीलाई स्थानीय तह सम्म कार्यान्वयन गर्नका लागि स्थानीय नेतृत्वलाई कृषि बिकास रणनितीका बिभिन्न पक्षहरुको बारेमा सम्पुर्ण जानकारी राख्न जरुरी छ । यसै सन्दर्भमा स्थानीय सरकारका प्रमुखहरु लगायत प्रमुख प्रशासकिय अधिकृतहरुका लागि कृषि बिकास रणनितीबारे एक दिने अभिमुखीकरण कार्यशाला गोष्ठीको कार्यक्रम प्रदेश नं.१ का सबै १४ वटै जिल्लाहरुमा संचालन गर्नुपर्ने भएता पनि १३ वटा जिल्लाहरुमा संचालन गरिएको थियो र झापामा संचालन गर्नु बाँकी छ ।

यस कार्यशाला गोष्ठीको कार्यक्रमले निश्चित रुपमा कृषि क्षेत्रलाई प्राथमिकता दिन हौसला प्रदान गरी स्थानीय तहका बजेट र कार्यक्रममा कृषि क्षेत्रमा बढी जोड दिदैं अन्ततः कृषि बिकास रणनितीमा परिकल्पना गरिएका उद्धेश्यहरु प्राप्त गर्न ठुलो मद्दत पुग्नेछ ।

**कार्यशाला गोष्ठीको उद्धेश्यहरु:**

यस एक दिने अभिमुखीकरण कार्यशाला गोष्ठीको मुख्य उद्धेश्य सरकारका प्रमुख/उप-प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु लगायत जिल्ला समन्वय समितीका प्रमुख/उप-प्रमुखहरुलाई कृषि बिकास रणनितीको बिभिन्न पक्षहरुको बारेमा जानकारी गराई कृषि क्षेत्रलाई निर्वाहमुखीबाट व्यवसायिक रुपमा रुपान्तरण गर्न जरुरी रहेको कुरा अवगत गराउनु हो ।

यस गोष्ठीका अन्य उद्धेश्यहरु निम्न अनुसार उल्लेख गरिएका छन्:

- कृषि बिकास रणनितीको बिभिन्न पक्ष बारे स्थानीय सरकारका प्रमुख/उप-प्रमुखहरु, प्रमुख प्रशासकीय अधिकृतहरु लगायत जिल्ला समन्वय समितीका प्रमुख/उप-प्रमुखहरुलाई कृषि बिकास रणनितीको बिभिन्न पक्षहरुको बारेमा जानकारी गराएर छलफल गर्ने ।
- स्थानीय सरकारका प्रमुख/उप-प्रमुखहरुसँग स्थानीय तहका कृषि बिकास रणनितीसँग कसरी मिलाउन सकिन्छ, छलफल गर्ने ।
- कृषि क्षेत्रका समस्या र सम्भाव्यताको बारेमा अन्तरकृया र छलफल गर्ने ।
- पालिकाहरुको योजना तर्जुमा प्रकृयामा कृषि बिकास रणनितीका बिभिन्न पक्षहरुलाई कसरी संस्थागत गर्न सकिन्छ, छलफल गर्ने ।

**कार्यशाला गोष्ठीमा छलफलका बिषयहरु र बुँदाहरु:**

- कृषि बिकास रणनितीका बिभिन्न पक्षहरु तथा मुख्य अवधारणाहरु ।
- अहिलेको तीन तहका सरकार बिचको सम्बन्ध र त्यसलाई कसरी सुधार गर्न सकिन्छ भन्ने सवालमा सहभागिका अवधारणहरु
- कृषि क्षेत्रसँग सम्बन्धित अन्य बिषयहरु ।

**अपेक्षित परिणामहरु:**

- स्थानीय सरकार प्रमुख/उप-प्रमुखहरु कृषि बिकास रणनितीका बिभिन्न पक्षहरु तथा यसका मुख्य अवधारणहरुको बारेमा सचेत हुनेछन् ।
- स्थानीय तहले कृषि बिकास रणनितीलाई अपनत्व दिनेछन् ।
- आगामी दिनहरुमा कृषि सम्बन्धि कार्यक्रम तथा गतिबिधीहरु कृषि बिकास रणनितीसँग मेल खाने खालका हुनेछन् ।
- स्थानीय सरकारको कार्यक्रम तथा बजेटमा कृषि क्षेत्रले प्राथमिकता पाउनेछन् ।
- प्रदेश र स्थानीय सरकारहरु बिच समन्वय तथा सहकार्य बढ्नेछ ।

**गोष्ठीका महत्वपुर्ण सुझावहरुः**

यस कृषि बिकास रणनिती अभिमुखीकरण गोष्ठीमा सहभागीहरुबाट योजना, मुल्यांकन र अनुगमन, जनशक्ति बिकास, पुर्वाधार बिकास, प्रविधि र समन्वयसँग सम्बन्धित बिषयहरुमा निम्नानुसार सुझावहरु प्राप्त भएका छन् ।

**योजना, मुल्यांकन र अनुगमनः**

१. धेरै पालिकाहरुमा कृषि प्राविधिक कर्मचारीहरु नभएको हुनाले कृषि बिकासको योजना तयार पार्न र कृषि कार्यक्रम संचालनमा समस्या ब्योहोर्नु परिरहेको छ ।

२. पालिकाहरुले कृषि सँग सरोकार संस्थाहरुसँग समन्वय गर्न, योजना निर्माण, श्रोतहरुको सही परिचालनका साथै पालिकाको कृषि शाखालाई पनि सहयोग गर्न पालिका स्तरमा एक “कृषि बिकास समन्वय समिती” को गठन गर्न आवश्यक्ता ।

३. कृषि बिकासको योजना बनाउन प्रत्येक पालिकाका कृषि प्राबिधिकहरुलाई तालिमको ब्यबस्था गर्न टड्कारो आवश्यक भएको ।

४. कृषि बिकासको योजना बनाउँदा गरीब किसानहरुलाई ध्यान दिने साथै किसानहरुको प्रतिनिधीहरुलाई पनि योजना तयार पार्दा सहभागी गराउने ।

**विविधः**

१. किसानहरुले उत्पादन गरेको बस्तुले बजारको समस्या भोग्नु परिरहेको अवस्था ।

२. प्रदेश र संघीय सरकारले कार्यक्रम निर्देशिका समयमा उपलब्ध गराउँदा कार्यान्वयन गर्न सहज हुने ।

३. कतिपय पालिकाहरुको भौगोलिक अवस्थाको कारणले सडक र अन्य भौतिक पुर्वाधार संरचनाहरु प्राथमिकतामा पर्ने ।

४. सोलुखुम्बु जिल्लाको महाकुलुङ गाउँ पालिका तरकारी र फलफुल उत्पादनका लागि उचित भएकोले फलफुल र तरकारी उत्पादन क्षेत्र तोकी आत्मनिर्भर हुने तर्फ जोड दिने साथै बाहिरबाट तरकारी ल्याउन प्रतिबन्ध गर्न पहलकदमी गर्ने ।

५. हालको अनुदान कार्यक्रमलाई बढी प्रभावकारी बनाउन पारदर्शी र नतिजामुखी बनाउन आवश्यक ।

६. लेटाङ, पथरी, शनिश्चरे नगरपालिकाहरुमा कृषि उत्पादन बढाउनका लागि स्वस्थ्य माटो सुनिश्चित गर्न सबै वडाहरुमा माटोको परिक्षण हुनु पर्ने सुझाव राख्दछन् ।

७. पहिलेको उत्पादन र हालको उत्पादन तुलना गर्दा माटोको गुणस्तरमा ह्रास आएर जमिनको उत्पादकत्वमा सुधार गर्नुपर्ने सुझाव राख्दछन् ।

८. सरकारले समर्थन मुल्य तोकी किसानहरुले बिक्री गर्न नसकेको उत्पादन खरीद गर्ने ब्यबस्था भएमा किसानलाई घाटा नहुने कुरामा बिश्वास गर्दछन् ।

९. धेरै पालिकाहरुमा वन्य-जन्तुहरु बँदेल, बाँदर र दुम्सीले हरेक बर्ष बाली नोक्सान भईरहेकोले बन बिभाग र सरोकारवाला सँग समन्वय गरी निकाश खोज्नु पर्ने आवश्यक देखियो ।

१०. किवी उत्पादन गर्ने सबै जिल्लाहरुमा बजारको समस्या शुरुको उत्पादनले बजार मुल्य राम्रै पाए पनि दोस्रो, तेस्रो टिपाईको फसल भने मुल्य घटेर सस्तोमा बिक्री गर्न पर्ने बाध्य हुन परेको दुखेसो पोख्दछन् ।

**समन्वयः**

१. कृषि ज्ञान केन्द्र र पशु बिज्ञ केन्द्रबाट स्थानिय तहलाई प्राविधिक सहयोग र समन्वय गर्न कानुनी आधार निर्माण गरिनु पर्ने ।

२. कृषिको ब्यबसायीकरणका लागि सस्तो तथा सुलभ ब्याज दरमा कृषि ऋण आम कृषकको पहुँचमा हुनु पर्ने ।

३. कृषकको माग बमोजिम गुणस्तरीय रसायनिक मल, बिउ तथा सिंचाई समयमा उपलब्ध गराउन सम्बन्धित निकााय बिच समन्वय हुनु पर्ने ।

४. कृषि ब्यबसायलाई दिगो बनाउन मुख्य बाली उत्पादनको अग्रिम न्युनतम समर्थन मुल्यको ग्यारेन्टी गरिनु पर्ने ।

५.कृषि अनुसन्धान, प्रसार र किसान बिच प्रविधी बिकास, समस्या समाधान एवं प्रचार प्रसारमा समन्वय हुनु पर्ने ।

**गोष्ठीका केही झलकहरुः**



होटल स्वागतम, बिराटनगरमा आयोजित कृषि बिकास रणनिती अभिमुखीकरण गोष्ठीमा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सचिव डा. बिमल कुमार निर्मलज्यु सहित सहभागिहरु ।




कृषि मूलस्य: जीवनम्
कृषि विकास रणनीति

धनकुटा


Technical Cooperation Facility (TCF) to the Agriculture Development Strategy (ADS)
स्थानीय तहको लागि आयोजित
कृषि विकास रणनीति
अभिमुखीकरण कार्यशाला गोष्ठी

संखुवासभा









तीनजुरे, तेह्रथुम